# करदाता मेनु

# (TAX PAYER MENU)

## आन्तरिक राजस्व कार्यालय,कलंकी

(सेवा क्षेत्रः का.म.न.पा. वडा नं.१५, चन्द्रागिरी नगरपालिका, नागार्जुन नगरपालिका, धादिङ र नुवाकोट जिल्ला)

*☎ 01-5218423, 5219940*

*website: https://ird.gov.np/branch/iro-kalanki*

*Facebook Page: Inland Revenue Office Kalanki*

*Email: iro-kalanki@ird.gov.np*

# करदाता मेनु

## आन्तरिक राजस्व कार्यालय, कलंकी

(कार्य क्षेत्रः का.म.न.पा. वडा नं.१५, चन्द्रागिरी नगरपालिका, नागार्जुन नगरपालिका, धादिङ र नुवाकोट जिल्ला)

## विषय सूची


१.कार्यालय सम्बन्धि संक्षिप्त परिचय................................................ पेज नं १

२.कुन कार्यका लागि कुन शाखामा सम्पर्क गर्ने................................ पेज नं १

३.स्थायी लेखा नम्बर (PAN) दर्ताका लागि आवश्यक कागजातहरु

*क. निकाय/संस्थाको हकमा आवश्यक कागजातहरु*............................. पेज नं. २

ख. प्रोपराईटरसिप फर्म/व्यक्तिगत व्यवसायको हकमा आवश्यक कागजातहरु......... पेज नं. ३

*ग. साझेदारी व्यवसायको हकमा आवश्यक कागजातहरु*......................... पेज नं. ३

*घ. संयुक्त उपक्रम (Joint Venture) को हकमा आवश्यक कागजातहरु*.............. पेज नं. ४

*ङ.* व्यक्तिगत स्थायीलेखा नं. (Personal PAN) दर्ताका लागि आवश्यक कागजातहरु......पेज नं. ४

च. सरकारी/संस्थागत स्थायीलेखा नं. दर्ताका लागि आवश्यक कागजातहरु.............पेज नं. ५

४. कम्प्युटर बिलिङ सम्बन्धि सेवा लिने प्रक्रिया .................................पेज नं. ५

५.दर्ता, संशोधन तथा खारेजीका लागि कार्यालयबाट सेवा लिने प्रक्रिया....... पेज नं. ८

६.कर चुक्ताका लागि आवश्यक कागजात तथा प्राप्त गर्ने प्रक्रिया........... पेज नं. १२

७.अनतःशुल्क इजाजत पत्र दर्ता/नविकरण गर्ने प्रक्रिया ...................... पेज नं. १४

८.संकलन शाखा........................................................................ पेज नं. १६

९.कर परिक्षण तथा अनुसन्धान शाखा............................................ पेज नं. १६

# आन्तरिक राजस्व कार्यालय, कलंकी संक्षिप्त परिचय

नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग (लाजिम्पाट,काठमाडौं) अन्तर्गत राजस्व संकलन तथा परिचालन गर्ने उद्देश्यसाथ हाल सम्म मुलुक भरि १ ठुला करदाता कार्यालय (हरिहरभवन,ललितपुर), १ मध्यम स्तरिय कार्यालय (बबरमहल,काठमाडौं), ४३ ओटा आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालय गरी जम्मा ८४ वटा कर कार्यालय स्थापना भई कर प्रशासनका रुपमा क्रियाशिल रहेका छन, जस मध्ये **आन्तरिक राजस्व कार्यालय, कलंकी** समेत एक हो।यस कार्यालयको सेवाक्षेत्र का.म.न.पा.को **वडा नं.१५**, **नागार्जुन नगरपालिका, चन्द्रागिरी नगरपालिका, धादिङ र नुवाकोट जिल्ला** रहेको छ। यस कार्यालयमा कार्यजिम्मेवारी विशिष्टिकरणका हिसाबले **करदाता सेवा शाखा, संकलन शाखा, कर परिक्षण तथा अनुसन्धान शाखा** रहेका छन्।

## कुन कार्यका लागि कुन शाखामा सम्पर्क गर्ने ?

| **कार्य प्रकृती** | **शाखा** | **कार्य सम्पादन हुने कक्ष नं.** | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| स्थायी लेखा नं. (PAN) जारी, विवरण संशोधन, कर चुक्ता, ठाँउसारी, कर शिक्षा कार्यक्रम आदि | करदाता सेवा शाखा | ३०१ देखि ३०८ | *सम्बन्धित शाखा प्रमुख अथवा कार्यालय प्रमुख (कार्यकक्ष नं. ४०१)* |
| बक्यौता लगत कट्टा, भौचर संशोधन, संकलन भ्रमण आदि | संकलन शाखा | ३०९ देखि ३१० | |
| कर परिक्षण तथा अनुसन्धान, बजार अनुगमन | कर परिक्षण तथा अनुसन्धान शाखा | ५०१ देखि ५०५ | |

# करदाता सेवा शाखा

## PAN दर्ता (प्राप्त) प्रक्रियाका लागि आवश्यक कागजातहरु

*क. निकाय/संस्थाको हकमा आवश्यक कागजातहरुः*

- कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनि दर्ताप्रमाणपत्रको प्रतिलिपी (प्रा.लि. को लागि)/जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा)
- प्रवन्धपत्र/नियमावली वा विधान
- संचालक,संचालक समितिका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- संचालक तथा संचालक समितिहरुको बैठक माईन्यूट
- घरबहाल सम्झौता पत्र
- घरधनीको परिचय खुल्ने प्रमाणपत्र जस्तैःपानी , बत्ती, टेलीफोन, लालपुर्जाको प्रतिलिपी
- रु.१० टिकट सहितको निवेदन तथा फारम (फारम Online मा करदाता स्वयंमले भर्न पनि सकिने)
- निकाय/संस्थाको छाप
- कारोबार स्थल देखिने नक्सा
- संचालक समितिको बैठक माईन्यूटमा तोकेको व्यक्तिले Personal PAN अनिवार्य लिई सम्बन्धित करदाता सेवा कार्यालय वा आ. रा. का. मा स्वयंम् व्यक्ति अनिवार्य उपस्थित हुनुपर्ने ।

## ख. प्रोपराईटरसिप फर्म/व्यक्तिगत व्यवसायदर्ताको लागि आवश्यक कागजातहरु:

- कुनै निकाय (वडा, घरेलु तथा साना उद्योग वाणिज्य)को कार्यालय दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- घरबहाल सम्झौता पत्र र घरधनीको परिचय खुल्ने प्रमाणपत्र जस्तै:पानी बत्ती टेलीफोन लालपुर्जाको प्रतिलिपी
- रु.१० टिकट सहितको निवेदन तथा फारम(फारम Online मा करदाता स्वयंमले भर्न पनि सकिने)
- यदि पहिला नै Personal PAN बनाईएको छ भने त्यसलाई नै व्यवसायमा रुपान्तरण गर्न सकिने ।
- स्वयंम् व्यक्ति उपस्थित हुनुपर्ने ।

## *ग. साझेदारी व्यवसाय दर्ताको लागि आवश्यक कागजातहरु:*

- कुनै निकाय (सम्बन्धित वडा कार्यालय, घरेलु तथा साना उद्योग, वाणिज्यको कार्यालय)मा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित साझेदारी व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- साझेदारी व्यवसाय हो भनि सम्बन्धि निकायले दिएको साझेदारीको प्रमाण पत्र
- घरबहाल सम्झौता पत्र
- घरधनीको परिचय खुल्ने प्रमाणपत्र जस्तै:पानी बत्ती टेलीफोन लालपुर्जाको प्रतिलिपी
- रु.१० टिकट सहितको निवेदन तथा फारम (फारम Online मा करदाता स्वयंमले भर्न पनि सकिने)
- निकाय/संस्थाको छाप
- कारोबार स्थल देखिने नक्सा

- संचालक समितिको बैठक माईन्यूटले तोकेको व्यक्तिले Personal PAN अनिवार्य लिई सम्बन्धित करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालयमा स्वयंम् व्यक्ति अनिवार्य उपस्थित हुनुपर्ने ।

***घ. संयुक्त उपक्रम (Joint Venture) दर्ताको लागि आवश्यक कागजातहरु:***

- कुनै निकायबाट प्राप्त भएको सम्झौता पत्र (सक्कल)
- समयावधि खुलेको जे.भि. सम्झौता पत्र
- जे.भि. पार्टनरहरुको कुनै निकायमा दर्ता (कम्पनी रजिष्ट्रार, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग) भएको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु(पछिल्लो आ.व. सम्मको नविकरण भएको हुनुपर्ने)
- स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी
- अघिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
- सम्बन्धित जे.भि. पार्टनरहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- घरबहाल सम्झौता पत्र
- घरबेटीको विवरण खुल्ने प्रमाणपत्र जस्तै:पानी/बत्ती /टेलीफोन/लालपुर्जाको प्रतिलिपी
- रु.१० टिकट सहितको निवेदन तथा फारम
- निकाय/संस्थाको छाप
- कारोबार स्थल देखिने नक्सा

**ङ. व्यक्तिगत स्थायी लेखा नं. (Personal PAN) दर्ताका लागि आवश्यक कागजातहरु:**

- सम्पूर्ण विवरण भरेको अनलाईन विवरण/ Submission No.

  अथवा

- नागरिकताको प्रतिलिपी (स्वयं उपस्थिति), एक प्रति पासपोर्ट साईज फोटो, रु१० को हुलाक टिकट

### च. सरकारी/संस्थागत स्थायीलेखा नं. दर्ताका लागि आवश्यक कागजातहरु:

- सरकारी निकायको लेटर प्याडमा संस्थागत स्थायि लेखा नं (WPAN) दर्ताका लागि निवेदन पत्र
- दर्ता गर्न आउने व्यक्तिलाई कार्यालयको छाप सहित अख्तियारनामा पत्र

## कम्प्युटर बिलिङ सम्बन्धि सेवा लिने प्रक्रिया

### ❖ कम्प्यूटर बिजक जारी गर्ने अनुमति लिनको लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

- यस कार्य गर्ने अख्तियारी प्राप्त व्यक्तिको नामको अख्तियारनामा पत्र र सम्बन्धित व्यक्तिको परिचयपत्रको फोटोकपी (अख्तियारवालाको हस्ताक्षर र सम्पर्क नं. अनिवार्य उल्लेख गर्नुपर्ने),
- आन्तरिक राजस्व विभागको वेभसाइटको Taxpayer portal मा Electronic billing भित्र Electronic Billing User Permission मा गई सम्पूर्ण विवरण भरी सो को प्रिन्ट गरी सहिछाप गरिएको निवेदन (**अनुसूची ३**),
- करदाताले प्रयोग गर्न लागेको सफ्टवेयर आन्तरिक राजस्व विभागमा सूचीकृत भएको हुनुपर्ने (यदि साविकमा आन्तरिक राजस्व विभागबाट सफ्टवेयर प्रमाणीकरणको पत्र पाएको भए सो को प्रतिलिपी समेत)

  क. उत्पादक/वितरकको हकमा: **अनुसूची १**

  ख. प्रयोगकर्ताको हकमा: **अनुसूची २**
- सफ्टवेयरको युजर म्यानुअल,
- डाटा संशोधन गरे/नगरेको विश्वसनियता सुनिश्चित गर्नका लागि अपनाइएको विधी विस्तृत रुपमा खुलाइएको विवरण,

- डाटा ब्याकअप तथा रिकभरीको व्यवस्था के कसरी गरिएको छ सो खुलेको विवरण,
- System Architecture Detail,
- स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी (सफ्टवेयर वितरक र करदाता दुबैको),
- कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी (सफ्टवेयर वितरक र करदाता दुबैको),
- गत आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (सफ्टवेयर वितरक र करदाता दुबैको),
- सफ्टवेयरको आधिकारिक Set up file राखिएको Pen Drive मा २० वटा विजकको नमुना (Sample) डाटा Excel file मा भरी पेश गर्ने, (करदाता र सफ्टवेयर कम्पनी दुबैको),
- **अनुसूची ३ को ६(क) र (ख)** बमोजिमको अन्य कागजातहरूः
  - क. विजकमा पहिलो प्रति "कर विजक" र दोस्रो प्रति "बिजक" प्रिन्ट भएको प्रति
  - ख. सोही विजकको Reprint गरिएको र सो मा Copy of Original (1) र Copy of Original (2) को प्रिन्ट भएको प्रति
  - ग. Details Sales Report
  - घ. Credit Note/Debit Note जारीको प्रति
  - ङ. विजक रद्ध गरेको प्रति
  - च. Audit Trail Report
  - छ. CBMS को Test Server मा Sync भएको Materialized View को Report
  - ज. सर्भर र विलिङ कम्प्युटरको MAC Address,
  - झ. सर्भर र विलिङ कम्प्युटरको System Information (dxdiag)
  - ञ. Date Master Sales Table मा Data Delete र Update गर्दा डाटा मेट्न र अपडेट गर्न नमिल्ने म्यासेज को प्रिन्ट

- विद्युतीय विजक सम्बन्धी कार्यविधी, २०७४ (दोस्रो संशोधन) को **अनुसूची २** बमोजिमको सफ्टवेयर उत्पादक/वितरकले जारी गरेको सक्कल स्वीकृति पत्र,
- विद्युतीय विजक सम्बन्धी कार्यविधी, २०७४ (दोस्रो संशोधन) को **अनुसूची ७** बमोजिमको ढाँचाको सम्झौता पत्रमा दुवै पक्षले सहिछाप गरी पेश गर्ने (क्लाउड बेस भए त्रीपक्षिय सम्झौता),
- सफ्टवेयर बिक्रेताले जारी गरेको बिक्री बिलको प्रतिलिपी,
- प्रयोग गरिने सफ्टवेयरले विद्युतीय विजक सम्बन्धी कार्यविधी, २०७४ मा उल्लिखित सम्पूर्ण शर्त तथा मापदण्डहरू पुरा गरेको हुनुपर्ने,
- विद्युतीय विजक सम्बन्धी कार्यविधी, २०७४ आन्तरिक राजस्व विभागको Website https://www.ird.gov.np/public/pdf/1491134985.pdf बट Download गरी हेर्न तथा प्रिन्ट गर्न सकिनेछ।

❖ माथि उल्लेखित सम्पूर्ण कागजातहरू फाईलमा संग्रहित गरी कम्प्युटर बिलिङको निवेदनमा रु.१० को टिकट टाँस गर्ने,

❖ **कक्ष नं. ३०७** मा विवरण तथा कागजातहरू रुजु गराउने,

❖ **कक्ष नं. ३०७ वा ३०८** मा तोक लगाउने,

❖ **कक्ष नं. ३०१** मा दर्ता गराउने,

❖ **कक्ष नं. ३०७** मा गई बाँकी सेवा लिने।

# दर्ता, संशोधन तथा खारेजीका लागि कार्यालयबाट सेवा लिने प्रक्रिया

## १.व्यक्तिगत स्थायीलेखा नं. दर्ता/प्राप्त गर्ने प्रक्रियाः

- ✓ अनलाईन विवरण भरी Submission No लिने/प्राप्त गर्ने
- ✓ ३०७ वा ३०८ नं. कक्षमा गई तोक तथा Verify गराउने
- ✓ ३०१ नं. मा गई व्यक्तिगत पानको कार्ड प्रिन्ट गराई बुझिलिने।

## २.व्यवसायिक स्थायीलेखा नं. दर्ता/प्राप्त गर्ने प्रक्रियाः

- ✓ आवश्यक कागजात (पेज नं. २-५ मा हेर्नुहोला) पुर्ण रुपमा तयार गर्ने
- ✓ अनलाईन निवेदन भरी Submission No प्राप्त गर्ने अथवा **कक्ष नं. ३०१** बाट व्यवसाय दर्ता फर्म प्राप्त गरि यथार्थ विवरण भर्ने
- ✓ ३०८ नं. बाट विवरणमा तोक लगाउने
- ✓ ३०१ नं. बाट दर्ता गराउने
- ✓ ३०३ नं. कक्षमा गई Biometric दर्ता गराउने
- ✓ ३०८ नं. मा गई Verify गराई पान नं प्राप्त गर्ने
- ✓ ३०३ नं. मा गई पान कार्ड (स्थायी लेखा नम्बर प्रमाणपत्र) प्राप्त गर्ने

## ३.पान कार्डमा भएको विवरण संशोधन गर्ने प्रक्रियाः

- ✓ संशोधन गर्न आवश्यक प्रमाण र के किन संशोधन गर्नु पर्ने हो सो को सहि व्यहोरा सहित निवेदन तयार गर्ने (जस्तैः नागरिकताको फोटोकपी, सक्कल प्यान कार्ड, निवेदन),
- ✓ **कक्ष नं. ३०८** मा गई तोक लगाउने,
- ✓ **कक्ष नं. ३०१** मा निवेदन दर्ता गराउने,

✓ **कक्ष नं. ३०३** बाट विवरण संशोधित विवरण प्रविष्ट गर्न लगाउने

✓ **कक्ष नं. ३०७ वा ३०८** बाट verify गराई **३०१ वा ३०३ नं.** बाट नयाँ व्यहोरा सहितको पान कार्ड प्राप्त गर्ने।

## ४.व्यावसायिक स्थायीलेखा नं. दर्ता खारेजी गर्ने प्रक्रियाः

✓ व्यावसायिक स्थायीलेखा नं. बन्द गर्दा क्रमशः अन्तःशुल्क, भ्याट र आयकर खारेजीका लागि चरणबद्ध रुपमा छुट्टा छुट्टै निवेदन पेश गर्नुपर्दछ। सो प्रक्रिया तपसिल बमोजिम उल्लेख गरिएको छः

### क. अन्तःशुल्क दर्ता खारेजी गर्ने प्रक्रियाः

- बन्द गर्ने मिति/आ.ब. सम्मको अन्तःशुल्क विभागको वेवसाईट मार्फत नवीकरण गरिसकेको हुनुपर्ने,
- सुरुमा व्यवसाय दर्ता भएको कार्यालय/विभाग (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय/वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/घरेलु तथा साना उद्योग कार्यालय/सम्बन्धित वडा कार्यालय) बाट व्यावसाय बन्द भएको सिफारिसको फोटोकपी,
- व्यावसायिक स्थायीलेखा नं. प्रमाणपत्रको फोटोकपी,
- अन्तःशुल्क बन्दको लागि निवेदन,
- निवेदनमा रु. १० को टिकट टाँस गरी **कक्ष नं. ३०८** मा तोक लगाउने,
- **कक्ष नं. ३०१** मा दर्ता गराउने,
- संकलन शाखा **कक्ष नं. ३१०** बाट बाँकी बक्यौता रहे नरहेको लेखाउने,
- बाँकी सेवा **कक्ष नं. ३०१** मध्ये कुनै एक खाली कक्ष बाट लिने।

## ख. भ्याट दर्ता खारेजी गर्ने प्रक्रियाः

- बन्द गर्ने मिति सम्मको सम्पूर्ण भ्याट विवरण आन्तरिक राजस्व विभागको वेवसाईट मार्फत दाखिला गरिसकेको हुनुपर्ने,
- सुरुमा व्यवसाय दर्ता भएको कार्यालय/विभाग (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय/वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/घरेलु तथा साना उद्योग कार्यालय/सम्बन्धित वडा कार्यालय) बाट व्यावसाय बन्द भएको सिफारिसको फोटोकपी,
- व्यावसायिक स्थायीलेखा नं. प्रमाणपत्रको फोटोकपी,
- मुल्य अभिवृद्धि कर (VAT) बन्दको लागि Taxpayer portal बाट VAT को Close of business (अनुसूची -११) प्रबिष्टी भएको निस्सा (Submission number सहित) पेश गर्ने,
- **कक्ष नं. ३०१** बाट मुल्य अभिवृद्धि कर (VAT) बन्दको निवेदन लिई विवरण भर्ने,
- निवेदनमा रु. १० को टिकट टाँस गरी **कक्ष नं. ३०८** मा तोक लगाउने,
- **कक्ष नं. ३०१** मा दर्ता गराउने,
- संकलन शाखा **कक्ष नं. ३१०** बाट बाँकी बक्यौता रहे नरहेको लेखाउने,
- **कक्ष नं. ३०८** मा VAT Close of business को Submission number भेरिफाई गराउने,
- कार्यालय प्रमुखको **कक्ष नं. ४०१** बाट तोक लगाई कर परीक्षण शाखामा फाईल पेश गर्ने।

## ग. आयकर दर्ता खारेजी गर्ने प्रक्रियाः

- बन्द गर्ने मिति सम्मको सम्पूर्ण आय विवरण आन्तरिक राजस्व विभागको वेवसाईट मार्फत दाखिला गरिसकेको हुनुपर्ने,

- सुरुमा व्यवसाय दर्ता भएको कार्यालय/विभाग (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय/वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/घरेलु तथा साना उद्योग कार्यालय/सम्बन्धित वडा कार्यालय) बाट व्यावसाय बन्द भएको सिफारिस,
- व्यावसायिक स्थायीलेखा नं. प्रमाणपत्रको सक्कल प्रति (Original Copy),
- आयकर (Income Tax) बन्दको लागि Taxpayer portal बाट Income Tax को Close of business प्रबिष्टी भएको निस्सा (Submission number सहित) पेश गर्ने,
- निवेदनमा रु. १० को टिकट टाँस गरी **कक्ष नं. ३०८** मा तोक लगाउने,
- **कक्ष नं. ३०१** मा दर्ता गराउने,
- संकलन शाखा **कक्ष नं. ३१०** बाट बाँकी बक्यौता रहे नरहेको लेखाउने,
- **कक्ष नं. ३०८** मा IT Close of business को Submission number भेरिफाई गराउने,
- कार्यालय प्रमुखको **कक्ष नं. ४०१** बाट तोक लगाई कर परीक्षण शाखामा फाईल पेश गर्ने।

# कर चुक्ताका लागि आवश्यक कागजात तथा प्राप्त गर्ने प्रक्रिया

## क)डे ०१/डे ०२ विवरणवालाको करचुक्ताको हकमा आवश्यक कागजात/प्रक्रिया

- ✓ अनलाईन विवरण तथा सोमा देखिए बमोजिमको कर बुझाई विवरण पेश (Submit) गर्ने,
- ✓ पेश गरी भेरिफाई गरी तपसिल बमोजिम अनलाईन प्रक्रियाबाट स्वयं कर चुक्ता प्रमाण पत्र निकाल्न सकिने।

**डे १/डे २ विवरणको हकमा अनलाईनबाट स्वयं कर चुक्ता निकाल्ने प्रक्रिया**

- -www.ird.gov.np
- -करदाता पोर्टल
- -General भित्र Taxpayer Login
- -स्थायी लेखा नम्बनर/प्रयोगकर्ताको नाम/पासवर्ड लेखेको सबै बक्समा PAN राख्ने
- -आफुले नभुल्ने पासवर्ड राख्ने र पासवर्ड बक्समा तपाईले परिवर्तन गरेको नयाँ पासवर्ड राख्ने
- -KYT Update गर्ने(KYT Update गर्ने बेलामा आफ्नो सबै विवरण भरिसकेपछि अन्तिममा तपाईको मोबाईल नं राखेर Save बटन क्लिक गरेपछि तपाईको मोबाईलमा ४ अंकको OTP कोड आउँछ र सो कोड राखी Verify गर्ने)
- -Tax Clearance मा क्लिक गर्ने
- -Fiscal Year 2079.080 छान्ने
- -Print अप्सनमा क्लिक गरेपछि तपाईको करचुक्ता प्रमाणपत्र देखिन्छ। अब सो करचुक्ता प्रिन्ट गर्ने वा सोलाई मोबाईलमा सेभ गरेर राख्ने।

## ख)डे ०३_विवरणको कर चुक्ताको हकमा आवश्यक कागजात र प्रक्रिया

- ✓ रु१० को हुलाक टिकट सहितको कर चुक्ताका लागि निवेदन, अनुसूची२,५,१०,१३ सहितको आय विवरण, कर दाखिला भौचरहरु, कर परीक्षण रिपोर्ट, e-TdS विवरण, अघिल्लो वर्षको कर चुक्ता,घरबहाल बुझाएको निस्सा, अख्तियारीना पत्र (प्रतिनिधि हो भने)आदि कागजात सहितको फाईल तयार गर्ने

- ✓ **कक्ष नं. ३०८** (तोक), **३०१**(दर्ता), **३०५**(कर चुक्ता प्रबिष्टी), **३०८** (फाईल भेरिफाई) मा क्रमश: जाने
- ✓ पुनः **कक्ष नं. ३०८** बाट कर चुक्ता प्रमाण पत्र भेरिफाई, **३०५**(कर चुक्ता प्रिन्ट) भए पछि **कक्ष नं. ३०८** बाट हस्ताक्षर गराई **कक्ष नं. ३०१** मा छाप लगाईसके पछि बुझिलिने।

### ग) डे ०४ विवरणको कर चुक्ताको हकमा आवश्यक कागजात र प्रक्रिया

- ✓ **कक्ष नं.३०८** बाट डे४ आय विवरण Submit तथा नपुग कर दाखिला गरि Verify गराउने
- ✓ **कक्ष नं. ३०१** बाट कर चुक्ता निवेदनका लागि फर्म लिई आवश्यक विवरण भर्ने
- ✓ **कक्ष नं. ३०५** बाट कर चुक्ता प्रविष्ट गराई **३०८** बाट भेरिफाई गराउने
- ✓ **कक्ष नं. ३०५** बाट प्रमाण पत्र प्रिन्ट गराउने
- ✓ **कक्ष नं. ३०१** बाट छाप लगाई कर चुक्ता प्रमाण पत्र लिने

### घ) व्यक्तिगत (Personal PAN) कर चुक्ताको हकमा आवश्यक कागजात र प्रक्रिया

- ✓ कर कट्टी भएको सम्बन्धी कार्यालय/रोजगारदाताको पत्र र आफ्नो कर कट्टि भएको e-Tds विवरण राख्ने
- ✓ **कक्ष नं. ३०१** बाट व्यक्तिगत कर चुक्ताको लागि निवेदन फर्म भर्ने
- ✓ **कक्ष नं. ३०८** बाट तोक लगाउने
- ✓ **कक्ष नं. ३०५** बाट विवरण र कर दाखिला भए/नभएको भेरिफाई गराउने
- ✓ **कक्ष नं. ३०५** बाट कर चुक्ता प्रिन्ट गराई **कक्ष नं. ३०१** मा गई छाप लगाई कर चुक्ता प्रमाण पत्र लिने

# अन्त:शुल्क इजाजत पत्र दर्ता/नविकरण गर्ने प्रक्रिया

## १. नयाँ अन्त:शुल्क इजाजत पत्र दर्ताको लागि

- **कक्ष नं. ३०१** बाट सूर्तिजन्य/मदिराजन्य कुन कारोबार गर्ने हो र सोको कति राजस्व दाखिला गर्नुपर्छ भन्ने बारे जानकारी लिने,
- एभरेष्ट बैंकको काउन्टर **कक्ष नं. ३०२** मा आवश्यक राजस्व दाखिला गरी भौचर लिने,
- **कक्ष नं. ३०१** बाट नयाँ अन्त:शुल्क दर्ताको फारम लिई सम्पूर्ण विवरण भर्ने,
- निवेदनमा रु. १० को टिकट टाँस गरी **कक्ष नं. ३०८** मा तोक लगाउने,
- तोक लगाएपश्चात **कक्ष नं. ३०१** मा गई निवेदन दर्ता गराउने,
- दर्ता भएपछि पुन: **कक्ष नं. ३०१** मध्ये खालि कक्षमा गई बाँकी सेवा लिने।

## २. अन्त: शुल्क इजाजतपत्र नविकरण गर्नको लागि

- अन्त:शुल्क इजाजत पत्र करदाता स्वयम् आँफैले आन्तरिक राजस्व विभागको वेवसाईट www.ird.gov.np मार्फत नविकरण गर्न सक्नेछ। स्वयम् नविकरण गर्ने प्रक्रिया तपसिल बमोजिम उल्लेख गरिएको छ:

तपसिल:

| | |
|---|---|
| १ | https://ird.gov.np **मा** Log in **गर्ने** |
| २ | Taxpayer Portal **मा** Click **गर्ने** |
| ३ | Excise **मेनु भित्र** Self Renew Permit **मा** Click **गर्ने** |

| | |
|---|---|
| ४ | **आफ्नो** PAN र इजाजतपत्र नम्बर **राख्ने** । |
| ५ | Register Button **मा** Click **गर्ने । कुन कुन कारोबार गर्ने इजाजतपत्र लिएको छ र सोको लागि कति इजाजत दस्तुर लाग्दछ भन्ने सूचना देखिनेछ ।** |
| ६ | **बैक छनौट गर्ने** |
| ७ | **Submit Button क्लिक गर्ने** |
| ८ | Connect IPS **मा गई दस्तुर भुक्तानी गर्ने** |
| ९ | **इजाजतपत्र प्रिन्ट गर्न Taxpayer Portal को General Menu भित्र Taxpayer Log in मा Click गर्ने** |
| १० | **PAN, User ID, Password राखी Log in गर्ने** |
| ११ | **KYT Form भर्न बाँकी भएमा सो फाराम भर्ने । सोको लागि KYT Link मा Click गर्ने** |
| १२ | **Print Excise Permit Menu मा गई इजाजतपत्र नम्बर राख्ने** |
| १३ | **Search Button क्लिक गर्ने** |
| १४ | **Print Icon मा Click गरी प्रिन्ट गर्ने** |

## संकलन शाखा

१.भौचर संशोधन तथा बक्यौता लगत कट्टा का लागि

- **कक्ष नं. ३०९** मा गई भौचर तथा आवश्यक कागजात तयार गरि निवेदनमा तोक लगाउने,
- **कक्ष नं.३०१** मा गई निवेदन दर्ता गराउने,
- **कक्ष नं.३१०** मा गई सेवा लिने,

२.बेरुजु फछ्यौंटका लागि

- आवश्यक कागजात, निस्सा, प्रमाण, बेरुजु फछ्यौंतका लागि निवेदन सहित **कक्ष नं. ३०९** मा सम्पर्क गर्ने।

## कर परिक्षण तथा अनुसन्धान शाखा

- कार्यालयबाट माग भए बमोजिमका आवश्यक कागजात/निस्सा/प्रमाण सहित सम्बन्धित समूहगत शाखामा गई सेवा लिने।

कक्ष नं. ५०१ देखि ५०५

*नोटः*

*माथि उल्लखित सेवा वा जानकारी बाहेकका विषयका सम्बन्धमा कक्ष नं. ३०१ को सोधपुछमा सम्पर्क गर्नुहोला।*

*साथै कर सम्बन्धी विविध विषयका जानकारीका लागि*

☎ *Telephone No: 01-5218423, website: https://ird.gov.np/branch/iro-kalanki*
*Facebook Page: Inland Revenue Office Kalanki*

*Email: iro-kalanki@ird.gov.np*